# कृतज्ञता - ज्ञापन

प्रस्तुत शोध-प्रबन्धको विषय-चयन, प्रारूप-गठनदेखि अध्ययन-अन्वेषणक्रमका हरेक सोपानहरूमा मलाई सस्नेह परामर्श दिनुहुने तथा विश्वविद्यालयीय नियमानुसार निर्देशन प्रदान गर्नुहुने परमादरणीय गुरूवर श्री लक्ष्मीकान्त शर्मा, रिडर, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय-प्रति म आन्तरिक हृदयबाट चिर-आभार प्रकट गर्दछु।

समय-समयमा भेट हुँदा भद्रभावेन उत्साह-प्रेरणा प्रदान गर्नुहुने डा0 घनश्याम नेपाल, रिडर, नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय,-प्रति पनि म उपकृत भएको कुरा यहाँ व्यक्त गर्नचाहन्छु।

सामग्री-सङ्कलनका कार्यमा पुराना पत्र-पत्रिका, सन्दर्भ पुस्तकादि उपलब्ध गराई मलाई अन्वेषण-कार्यमा होस्टे-हैंसे गरिदिनुहुने साहित्यकार तथा मेरा सुहृद अग्रज श्री सुवास दीपकप्रति पनि म कृतकृत्य छु। यसै गरी आफ्ना घरेलु पुस्तकालयका उपयोग गर्न अनुमति प्रदान गर्नुहुने अग्रज साहित्यकार श्री तुलसीराम शर्मा 'कश्यप'-को गुण मेरो स्मृतिमा अमिट रहनेछ।

शोधकार्यावधिभरि नै मलाई भ्रातृवत् स्नेह तथा मनसा-वचसा-कर्मणा उत्साह प्रदान गरिरहनुहुने डा0 दिवाकर प्रधान, प्राध्यापक, सिक्किम सरकारी महाविद्यालय,-प्रति पनि मेरो आभार-कृतज्ञता ज्ञापित गर्नचाहन्छु।

विभिन्न समयमा विभिन्न तरिकाले मलाई सहयोग प्रदान गर्नुहुने मेरा विभागीय मित्रगण, अग्रज साहित्यकारद्वय श्री गिर्मी सेर्पा, डा0 दयाराम श्रेष्ठ तथा डा0 पारसमणि प्रधान स्मारक शोध-पुस्तकालयका अधिपति श्री नगेन्द्रमणि प्रधानप्रति अनुगृहित भएको कुरा यहाँ ज्ञापित गर्दछु। शोधकार्यावधिभरि नै म उत्तर बङ्ग विश्वविद्यालयको पुस्तकालयबाट लाभान्वित भएको छु। उसरी नै हिन्दी साहित्य सम्मेलन, प्रयाग तथा त्रिभुवन विश्वविद्यालय कीर्तिपुर-का पुस्तकालयहरूबाट मैले सहयोग लिएको छु, यसैले यी पुस्तकालयका अधिकारीगणप्रति पनि म धन्यवादी रहेको छु।

मेरा हरेक प्रयास र पाइलाहरूलाई भूयोभूयः उच्च-चेतनाको प्रकाशतर्फ गतिशील बनाइरहन अनि जीवनको अन्तिम अवस्थासम्म पनि मलाई सकारात्मक क्रियाकलापहरूतर्फ उत्प्रेरित गर्नुहुने मेरी प्रातःस्मरणीया दिवङ्गता माता श्रीमती सावित्री भण्डारी अनि मेरा परिपार्श्वमा प्रेरणामूर्ति भई सधैं उभिइरहनुहुने पुज्यपाद पिता श्री भगीरथ भण्डारीप्रति अनुगृहीति प्रकट गर्न मसँग पर्याप्त शब्दहरू नै छैनन्।

प्रस्तुत शोध-प्रबन्धलाई सुन्दर ढङ्गमा टङ्कनकार्य सम्पन्न गरिदिनुहुने श्रीमती शीला दाहालप्रति तथा प्रस्तुत शोध-विषयका उपजीव्य कृतिका समस्त कृतिकारप्रति म उपकृत्य रहेको कुरा प्रकट गरिनँ भने त्यो मेरो अकृतार्थता नै ठहरिनेछ। अन्ततः, यस शोधकार्यको प्रबन्धनमा प्रत्यक्षाप्रत्यक्ष सहयोग-सद्भावना पुऱ्याउनुहुने सम्पूर्ण मित्रगण, अग्रज-अनुज अभिजनप्रति म साधुवाद टक्र्याउँदछु।

(राजेन्द्रप्रसाद भण्डारी)